आज मिति २०८२।०७।१४ गते नलगाड नगरपालिकाका नगर प्रमुख श्री डम्बर बहादुर रावत ज्यूको अध्यक्षतामा नलगाड नगरपालिकाको ५८ औ नगर कार्यपालिकाको वैठक बसी तपसिलमा बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री डम्बर बहादुर रावत | नगर प्रमुख | | |
| २ | श्री देवका लामिछाने | नगर उपप्रमुख | | |
| ३ | श्री शेर बहादुर पुन | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री धन बहादुर महर | वडा नं १ वडा अध्यक्ष | | |
| ५ | श्री पुर्ण बहादुर खत्री | वडा नं २ वडा अध्यक्ष | | |
| ६ | श्री कौशी वहादुर विष्ट | वडा नं ३ वडा अध्यक्ष | | |
| ७ | श्री बद्री बहादुर पन्त | वडा नं ४ वडा अध्यक्ष | | |
| ८ | श्री ओमराज वली | वडा नं ५ वडा अध्यक्ष | | |
| ९ | श्री विरेन्द्र खड्का | वडा नं ६ वडा अध्यक्ष | | |
| १० | श्री कृष्ण बहादुर गिरी | वडा नं ७ वडा अध्यक्ष | | |
| ११ | श्री तेज बहादुर सिंह | वडा नं ८ वडा अध्यक्ष | | |
| १२ | श्री भविन्द्र बहादुर सिंह | वडा नं ९ वडा अध्यक्ष | | |
| १३ | श्री अनिता रोकाया | वडा नं १० वडा अध्यक्ष | | |
| १४ | श्री लाल बहादुर बाँनिया | वडा नं ११ वडा अध्यक्ष | | |
| १५ | श्री मोहन बहादुर खत्री | वडा नं १२ वडा अध्यक्ष | | |
| १६ | श्री सेतु गिरी | वडा नं १३ वडा अध्यक्ष | | |
| १७ | श्री कुमारी बि क | कार्यपालिका सदस्य | | |
| १८ | श्री खिमा कुमारी शर्मा | कार्यपालिका सदस्य | | |
| १९ | श्री मनमाया घर्ती | कार्यपालिका सदस्य | | |
| २० | श्री सिलाकुमारी कामी | कार्यपालिका सदस्य | | |
| २१ | श्री सरिताकुमारी शाही | कार्यपालिका सदस्य | | |
| २२ | श्री कलिभाने नेपाली | कार्यपालिका सदस्य | | |
| २३ | श्री सरीता वादी | कार्यपालिका सदस्य | | |
| २४ | श्री सर्वजित वि क | कार्यपालिका सदस्य | | |
| २५ | श्री किरण थापा | राजश्व शाखा प्रमुख | | आमन्त्रित |
| २६ | | | | |
| | | | | |
| | | | | |

मितिः- २०८२।०७।१४ गते बसेको नगर कार्यपालिका बैठकका प्रस्तावहरु

१. जनशक्ति व्यबस्थापन सम्वन्धमा ।

२. नवप्रवर्तन साझेदारी परियोजनाको योजना सम्बन्धमा ।

३. योजना सम्झौता सम्वन्धमा ।

४. सामुदायिक सिकाई केन्द्रको स्थान छनौट सम्बन्धमा ।

५. भू उपयोग क्षेत्र अध्यावधिकका लागि तयार गरिएको नीतिगत तथा मापदण्ड सम्वन्धमा ।

६. विविध सम्वन्धमा ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**मितिः- २०८२।०७।१४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं १** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाण्डौको च नं ११२ मिति २०८२।०६।०८ गतेको प्राप्त पत्रानुसार निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा संगठन संरचना सुधार सम्बन्धमा आवश्यक छलफल गर्दा यस नलगाड नगरपालिकामा स्वीकृत दरबन्दी वाहेकका शिक्षा र स्वास्थ्यमा कार्यरत अस्थायी तथा करार जनशक्ति व्यबस्थापनका लागि २५ (पच्चीस) दिनभित्र प्रतिवेदन पेश गर्ने र सोही अनुरुप कार्यपालिका बैठकबाट आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २** कर्णाली प्रदेश सरकार प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम प्रदेश कार्यक्रम सहयोग एकाईबाट नवप्रवर्तन साझेदारी परियोजना संचालन कार्यविधि, २०८२ को दफा ११ (ख) वमोजिम नलगाड नगरपालिकाको आन्तरिक आय बार्षिक रु.२५ लाख भन्दामाथि भएकोले कुल परियोजनाको ३० प्रतिशत लागत साझेदारी रहने गरी देहाय बमोजिमको आयोजना छनौट गरी प्रस्तवना पेश गर्ने निर्णय गरियो ।

देहायः-

१. प्रविधि मैत्री एकिकृत सेवा प्रवाह केन्द्र संचालन

**निर्णय नं ३** शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र बबरमहल, काठमाण्डौको मिति २०८२।०७।०२ गतेको प्राप्त पत्रानुसार फोहर प्रशोधन केन्द्र/Transfer Station निर्माणका लागि देहाय स्थान र क्षेत्रफल छनौट गरी सिफारिस गर्ने निर्णय गरियो ।

देहायः-

१. नलगाड नगरपालिका वडा नं ५ गेरेनी, जाजरकोट

२. नलगाड नगरपालिका वडा नं ८ मैदे, जाजरकोट

३. नलगाड नगरपालिका वडा नं १२ तल्लुबगर, जाजरकोट

**निर्णय नं ४** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाण्डौको च नं ११२ मिति २०८२।०६।०८ गतेको प्राप्त पत्रानुसार नेपाल सरकारबाट संचालन हुने, नेपाल सरकारबाट

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली जाजरकोट कर्णाली प्रदेश नेपाल २०७३

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट संचालन हुने रु. १० लाखभन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्नुपर्ने भएकोले नलगाड नगरपालिकामा आर्थिक बर्ष २०८२।०८३ मा संचालन हुने आयोजना तथा कार्यक्रमहरु १० लाख भन्दा कम लागत भएका आयोजनाहरु उपभोक्ता समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ५</u> भू – उपयोग ऐन २०७६ तथा भू – उपयोग नियमावली २०७९ को मापदण्ड समेतका आधारमा नलगाड नगरपालिका क्षेत्रको जग्गा वर्गीकरण गरी भु – उपयोग क्षेत्र नक्सा अध्यावधिक गर्न भू – उपयोग ऐन २०७६ को दफा ५ र भू – उपयोग नियमावलीको नियम ५ र नियम ८ बमोजिम यो मापदण्ड तयार जारी गरिएको छ ।

१. संघिय वा प्रदेश आयोजनाले ओगटेको क्षेत्र वा आयोजना सञ्चालन भै नसकेको भएपनि संघिय वा प्रदेश सरकारल् घोषणा गरिसकेको क्षेत्रलाई भू – उपयोग क्षेत्र नक्सामा उल्लेख भए वा नभएपनि आयोजनाको नक्सांकन गरि सोही प्रकृति बमोजिमको वर्गमा वर्गीकृत गर्ने आयोजना कुन वर्गमा पर्छ प्रष्ट नभए नक्सांकन मात्र गर्ने ।

२. मन्त्रालयबाट प्राप्त भू – उपयोग क्षेत्र नक्सामा जनाइएको जोखिम क्षेत्र र संवेदनशिल तथा मध्यवर्ती क्षेत्रको जग्गालाई नक्सा बमोजिम नै वर्गीकरण गर्ने । त्यस बाहेक अन्य विपद संवेदनशील क्षेत्र भए नक्सामा विपद (प्रकृति सहितः बाढी, पहिरो ...... आदी) जनाउने ।

३. हाल पालिका क्षेत्र भित्र मठ, मन्दिर, मस्जित, गुम्वा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापुर्वकाल देखिका ऐतिहासिक धरोह, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई धार्मिक, सास्कृतिक तथा पुरातात्विक क्षेत्रमां वर्गिकरण यथावत राखे ।

४. भु – उपयोग क्षेत्र नक्सामा सार्वजनिक तथा सामुदायिक जनाइएको भूमिलाई सार्वजनिक क्षेत्रमा जै वर्गिकरण गर्ने भू – उपयोग क्षेत्र नक्सामा सार्वजनिक भनी प्रष्ट नभएको तर सार्वजनिक प्रयोजनमा (जस्तैः पार्क, खेलमैदान, समाधीस्थल, फोहोर व्यवस्थापन स्थल, चौतारो, पाटी, सरकारी सार्वजनिक सामुदायीक विध्यालय, विध्यालय .....आदी) रहेको जग्गालाई सार्वजनिक भूमिको रुपमा वर्गिकरण गर्ने ।

५. पालिकाको क्षेत्र भित्र रहेका नदि नाला, नहर, निजि बाहेकका ताल पोखरी र सिमसार लगायतका पानीजन्य क्षेत्रलाई नदि, खोला, ताल, सिमसार क्षेत्रमा वर्गिकरण गर्ने पहिले नदी बगेको र हाल नदी उकास भई बगर बनेको क्षेत्र समेत ।

६. निजि जग्गामा रहेको वन बाहेक सबै वनलाई वन क्षेत्रमा वर्गिकरण गर्ने । आंशिक रुपमा रुखले ढाकेको सरकारी सार्वजनिक जग्गा समेत ।

वीर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

७. जमिनको सतहमा रहेका (ढुङ्गा, गिट्टि, बालुवा) वा जमिन मुनी रहेका (सुन, चाँदी, फलाम, तामा, जस्ता, पेट्रोलियम ग्यास..... आदी) हाल उत्खनन भइरहेको यस अघि उत्खनन भएको वा फेला परेको क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गिकरण गर्ने ।

८. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले औधोगिक प्रयोजनको लागि छुट्याएको भूमिलाई (औधोगिक; क्षेत्र, विशेष आर्थिक क्षेत्र (SEZ), औधोगिक ग्राम लगायत ) औधोगिक क्षेत्रमा वर्गिकरण गर्ने । पालिका स्तरवाट औधोगिक क्षेत्र छुट्याउन आवश्यक भए क्षेव तोकी औधोगिक क्षेत्रमा वर्गिकरण गर्ने । कुनै बस्तु, पदार्थ (जस्तैः कपडा, औजार, यन्त्र, सजावटका सामान) , खाध्यान्न वा पेय पदार्थ (तेल पेल्ने, कुटानी पिसानी सम्वन्धी मिल), वा निर्माण सामाग्री ( ईट्टा, ब्लक, फर्निचर) उत्पादन वा प्रशोधन गर्ने स्थललाई औधोगिक क्षेत्रमा वर्गिकर०ा गर्ने उधोग संचालन र रेगदेख गर्न निर्मित भवन वा टहरा र उधोगजन्य फोहोरको व्यवस्थापन स्थलगत समेतलाई औधोगिक क्षेत्रमा वर्गिकरण गर्ने ।

९. प्रर्यटकिय क्षेत्र, व्यापारिक, व्यवसायीक वा मनोरन्जनस्थल रहेको क्षेत्र, वस्तु वा सेवा खरिद विक्री हुने स्थल रहेको घर जग्गा रहेको क्षेत्र, निजी क्षेत्रद्वारा संचालित शिक्षा, स्वास्थ्य वा संचार स्वा उपलब्ध गराउने स्थल रहेको क्षेत्र ( सरकारी वा सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरु समेतलाई व्यवसायीक क्षेत्रमा वर्गीकरण गर्ने ।

१०. आवासीय प्रयोजनका लागि बनइएका घर टहराले चर्चेको जग्गा (आँगन, करेसा र बगैचा समेत बसोवासका लागी आवश्य भौतिक पूर्वाधार उपलब्ध भएको तोकिएको र हाल आवासियमा रहेको क्षेत्रलाई आवासीयमा नै वर्गिकरण गरिने ।

११. बुदा १ देखि १.० बाहेकको क्षेत्रलाई कृषी क्षेत्रमा वर्गिकरण गर्ने ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय हल्ली जाजरकोट कर्णाली प्रदेश नेपाल २०७३

२०८२/०८/१४

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner